CSIC
आत्मनिर्भर केन्द्र

कार्यक्षेत्रगत शर्त Terms of Reference (ToR)

१. अध्ययनको शीर्षक

भूमि नीतिको समिक्षा र सुधारका विषय पहिचानका लागि अध्ययन

२. कानुनी समीक्षा गर्नुपर्ने मुख्य विषय

- नेपालको संविधान तथा भूमि, आवास, खाद्य, दलित र सम्पत्तिको अधिकारसम्बन्धी प्रावधान
- भूमि सम्बन्धी ऐन, २०२१ तथा नियमावली
- भू-उपयोग ऐन, २०७६ तथा नियमावली
- राष्ट्रिय भूमि नीति, २०७५
- भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापनसम्बन्धी गठन आदेश, निर्देशिका तथा कार्यविधि
- उपयोगविहीन जमिन उपयोगसम्बन्धी कार्यविधि तथा अन्य सान्दर्भिक कानुनी दस्तावेज

३. कानुनी विज्ञको मुख्य कार्य तथा जिम्मेवारी

क) उल्लिखित कानुनी तथा नीतिगत दस्तावेजहरूको समीक्षा गरी कानुनी अस्पष्टता, अन्तरविरोध, दोहोरोपना तथा कार्यान्वयनका अवरोध पहिचान गर्ने।

ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी, मोही, विर्ता तथा गुठि जग्गा जोतभोग गर्ने किसान पूर्व हरवा-चरवा, कमैया, कमलरी, हलिया तथा साना किसानका भूमि अधिकारसम्बन्धी कानुनी सवालको विश्लेषण गर्ने।

ग) पहिचान गरिएका कानुनी समस्याका आधारमा संशोधन गर्नुपर्ने दफा तथा प्रावधानहरू पहिचान गरी प्रस्तावित संशोधनको मस्यौदा र व्यावहारिक सुधारका सुझाव तयार गर्ने।

घ) प्रारम्भिक निष्कर्ष तथा संशोधन प्रस्ताव संघीयस्तरको कार्यशालामा प्रस्तुत गर्ने र प्राप्त सुझाव समेटी अन्तिम प्रतिवेदन तयार गर्ने।

४. अपेक्षित उपलब्धि तथा बुझाउनुपर्ने सामग्री

- समीक्षा गरिएका कानुनी दस्तावेजहरूको सूची तथा विश्लेषण।
- पहिचान गरिएका कानुनी समस्या र सुधार गर्नुपर्ने विषयहरूको विवरण।
- आवश्यक कानुनी संशोधनका प्रस्ताव तथा दफागत मस्यौदा।

•कानुनी समीक्षा प्रतिवेदन।

५. अध्ययन विधि

क) कानुनी तथा नीतिगत दस्तावेजको समीक्षा
ख) समुदायस्तरमा केन्द्रित समूह छलफल
ग) प्रमुख सरोकारवालासँग गहन अन्तर्वार्ता
घ) समुदायका भूमि अधिकारसम्बन्धी अनुभव तथा घटनाको अध्ययन
ङ) सहभागितामूलक कानुनी समस्या विश्लेषण तथा समाधान पहिचान
च) संशोधन प्रस्तावको सहभागितामूलक प्रमाणीकरण तथा संघीयस्तरीय कार्यशाला

६. समयावधि तथा कार्यदिन

कानुनी तथा विषय विज्ञले जम्मा १५ कार्यदिन सेवा प्रदान गर्नुपर्नेछ। अध्ययनको समग्र अवधि करिब १.५ महिना (६ हप्ता) हुनेछ। कार्यतालिका संस्थासँगको समन्वयमा निर्धारण गरिनेछ।

७. आवश्यक योग्यता तथा अनुभव

- मान्यताप्राप्त विश्वविद्यालयबाट कानुन विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको।
- भूमि, आवास, सम्पत्ति, संवैधानिक अधिकार तथा मानव अधिकारसम्बन्धी कानुनी विषयमा ज्ञान र अनुभव भएको।
- कानुनी अनुसन्धान, नीति विश्लेषण, संशोधन मस्यौदा तथा प्रतिवेदन लेखनमा अनुभव भएको।
- सरोकारवाला तथा समुदायसँग समन्वय र छलफल गर्न सक्ने क्षमता भएको।
- भूमि अधिकार तथा सीमान्तकृत समुदायको अधिकारका क्षेत्रमा काम गरेको अनुभव भएकालाई प्राथमिकता दिइनेछ।

८. कार्यसम्पादन तथा प्रतिवेदन बुझाउने व्यवस्था

क) कानुनी विज्ञले संस्थाको अभियान संयोजक समन्वय गरी कार्यसम्पादन गर्नुपर्नेछ।
ख) कानुनी विश्लेषणमा सम्बन्धित ऐन, दफा, उपदफा तथा नियमको स्पष्ट स्रोत उल्लेख गर्नुपर्नेछ।

ग) संशोधन प्रस्ताव कानुनी रूपमा स्पष्ट, व्यावहारिक तथा कार्यान्वयनयोग्य हुनुपर्नेछ।

घ) सम्पूर्ण प्रतिवेदन तथा अध्ययन सामग्री सम्पादन गर्न मिल्ने Word र आवश्यकतानुसार PDF स्वरूपमा संस्थालाई बुझाउनुपर्नेछ।